# साईपाल गाउँपालिकाको राजपत्र

साईपाल गाउँकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

अक १ बर्ष २०७४/०७५ काँडा  चैत्र २४ गते २०७४

## भाग २

**साईपाल गाउँपालिका**

**गाँउकार्यपालिकाको कार्यालय काँडा बझाङ्ग**

संवत २०७४ साल गाउँकार्यपालिकाले साईपाल गाउँपालिका  वडा नं. १ देखी ५ सम्म रहेका जडिबुटि यार्चा पाईने क्षेत्रहरुमा गाउँपालिका तथा गाउँपालिका भन्दा बाहिरका मानिसहरुलाई  जडिबुटि यार्चा संकलन गर्न  वन प्रवेश गर्दा ति मानिसहरुबाट जडिबुटि  यार्चा  कर उठाई साईपाल गाउँपालिकाको आन्तरिक  आय बृद्धि गर्न आवश्यक देखिएकोले ।

<u>२०७४ सालको गाउँकार्यपालिकाले निर्णय गर्न उपयुत्त देखेको विषय</u>

साईपाल गाउँपालिकाको राजस्व परामर्स समिति बाट यार्चा करको दायरा निर्धारण भई सो करको दायरा गाउँकार्यापालिकाको कार्यालयले सर्मथन तथा अनुमोदन गरेको ।

**प्रस्तावना** : साईपाल गाउँपालिकाको वडा नं. १ देखी ५ सम्म जडिबुटि यार्चा पाईने क्षेत्रहरुमा सो जडिबुटि संकलनका लागि वन प्रवेश गर्ने गाउँपालिका तथा गाउँपालिका भन्दा बाहिरका व्यक्तिबाट कर संकलन गर्न आवश्यक भएकोले ।

**निर्णय** : राजस्व परार्मश समितिको बैठकबाट यार्चा करको दायरा निर्धारण भई सो दायरालाई गाउँकार्यपालिको बैठकले सर्मथन गरि गाउँपालिका तथा गाउँपालिका भन्दा  बाहिरका व्यक्तिलाई तपसिल वमोजिमको कर लिने निर्णय गरेको ।

<u>तपसिल</u>

१ गाउँपालिका भित्र प्रति व्यत्ति	रु ३००।-
२ छिमेकी गा.पा. तलकोट र सुर्मा	रु ५००।-
३ बझाङ्ग जिल्ला भित्र प्रतिव्यत्ति	रु १०००।–
४ बझाङ्ग जिल्ला वाहिर प्रतिव्यत्ति	रु २०००।–

आज्ञाले

राधाकृष्ण जोशी

प्रमुख प्रशासकिय अधिकृत